कनकाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुरुङ्गा, झापा ।
१ नं. प्रदेश, नेपाल

दरभाउ पत्र नम्बरःKANAKAI/SQ/4/2077-078

सिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मितिः २०७७ /१०/०९)

चालू आ.व.२०७७/७८ मा यस नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयका छात्राहरूका लागि सेनेटरी प्याड निर्माण गरी वितरण गर्नका लागि तपसिल बमोजिमका सामग्रीहरू सिलबन्दी दरभाउ पत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त रजिष्टर्ड कम्पनी/फर्म/व्यवसायी वा आपूर्ति कर्ताहरूबाट नियमानुसार सिलबन्दी दरभाउ पत्र पेस गर्न हुन यो सूचना प्रकासित गरिएको छ ।यस सम्बन्धी विस्तृत जानकारी कनकाई नगरपालिकाको वेवसाइट् **https://www.kankaimun.gov.np** बाट प्राप्त गर्न सकिने छ ।

तपसिलः

प्रमुख प्रशासकीय अधिकृत

आवश्यक सामग्रीहरू

१. सुती, रङ्ग नजाने ढाका कपडा, १७०० मिटर ।
२. सुती, रङ्ग नजाने फ्लाटिन कपडा,७००० मिटर
३. वाटरप्रुफ कपडा, ४०० मिटर (रबडाइज कपडा)
४. टिपबटन(प्लास्टिकको), ८५००वटा
५. कपडा सिलाइ गर्ने धागो, १० दर्जन
६. इन्टरलक सिलाइ मेसिन, १ वटा

नोटः माथि उल्लिखित सामाग्रीहरूको नमुना कनकाई नगरपालिका, शिक्षा शाखाबाट प्राप्त गर्न सकिनेछ ।

हरिप्रसाद मिश्र
शाखा अधिकृत

पिताम्बर गौतम
उपसचिव
(अधिकृत स्तर दशौं तह)

कनकाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जामुनवारी, झापा ।
१ नं. प्रदेश, नेपाल

दरभाउ पत्र नम्बर:KANAKAI/SQ/4/2077-078

शिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मितिः २०७७ /१०/०९)

चालूआ.व. २०७७/७८ मा यस नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयका छात्राहरूका लागि सेनेटरी प्याड निर्माण गरी वितरण गर्नका लागि तपसिल बमोजिमका सामग्रीहरूसिलबन्दी दरभाउ पत्रकोमाध्यमबाट खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त रजिष्टर्ड कम्पनी/फर्म/व्यवसायी वा आपूर्तिकर्ताहरूबाट निम्न सर्तहरूको अधीनमा रही सिलबन्दीदरभाउ पत्रपेसगर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

शर्तहरूः-

१. दरभाउ पत्र पेस गर्न इच्छुकले कम्पनी / फर्म वा आपूर्ति कर्ताहरूले फर्म वा व्यवसाय दर्ता प्रमाणपत्र रमूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.व.२०७६/७७ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, संलग्न राखी यो सूचना प्रथम पल्ट प्रकाशित भएको मितिले १५ औ दिन सम्म यस कार्यालयको ने.बै.लि. सुरुङ्गा शाखामा आन्तरिक राजश्व खाता नम्बर १४७०३०००००१००१००००००१ मा रु. १०००।- नगद जम्मा गरेको सक्कल बैक भौचर वा यस कार्यालयको राजस्व शाखामा रकम जम्मा गरेको नगदी रसिद पेस गरी दरखास्त फाराम खरिद गर्न सक्ने छन्।

२. खरिद भएका दरभाउ पत्र सम्बन्धी कागजात १६ औ दिनको १२ बजे सम्म यस कार्यालयको नाममा सम्बोधन गरी ठेक्का नं.,दरभाउ पत्र दाताको नाम,ठेगाना र सम्पर्कनम्बर समेत स्पष्ट खुलाइ फर्मको छाप लगाई सहिछाप समेत गरी सिलबन्दी खाम पेसगर्नु पर्नेछ।

३. दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेख भएका सम्पूर्ण विवरणहरू भर्नुपर्नेछ। प्राप्त भएका दरभाउपत्रहरू पेस गर्नु पर्ने दिनको २ बजे कार्यालयका प्रतिनिधिहरू र दरभाउ पत्र दाता वा निजका आधिकारिक प्रतिनिधिहरूको रोहबरमा यस कार्यालयमा खोलिने छ। दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरू उपस्थित नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन।

४. दरभाउपत्र बिक्री तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू बिदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा सोही बमोजिम हुनेछ।

५. दरभाउपत्रको जमानत रकमको ५ प्रतिशत रकम यस कार्यालयको नाममा ने.बै.लि. सुरुङ्गा शाखामा रहेको धरौटी खाता नं १४७०३००००३००००००००१ मा नगद जम्मा गरेको सक्कल बैक भौचर वा सो बराबरको नेपाल राष्ट्र बैंकबाट"क" वर्गको मान्यता प्राप्त बैंकबाट वा कुनै वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको कार्य प्रयोजन एवम् ठेक्का नं.अनिवार्य रूपमा उल्लेख भएको दरभाउपत्र जमानत (दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको) पेस गर्नु पर्नेछ। बैक मार्फत दरभाउ पत्र जमानत पेसगर्नेका हकमा कार्यालयबाट निर्दिष्ट गरिएको दरभाउपत्र जमानत फाराम अनुसारनै पेस भएको मात्र मान्य हुनेछ।

६. दरभाउपत्रदाताले दरभापत्रमा दररेट भर्दा मूल्यअभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ। दरभाउपत्रमा प्रत्येक आइटमवाईज दर अंक र अक्षर दुबैमा स्पष्ट लेखि प्रत्येक पानामा सहिछाप गरेको हुनु पर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएका लाई मान्यता दिइनेछ। केरमेट भएको ठाउँमा दरभाउपत्र दाताको सहिछाप भएको हुनु पर्नेछ।

हरिप्रसाद मिश्र
शाखा अधिकृत

पितामवर गौतम
उपसचिव
(... स्तर दशौं तह)

कनकाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जामुनबारी, झापा
१ नं. प्रदेश, नेपाल

# शिलबन्दी सम्बन्धी दरभाउपत्र

विवरण पेश गर्ने फर्म/कम्पनी/सप्लायर्सको नाम ठेगानाः-

| सि नं. | विवरण | सामानको किसिम/गुणस्तर | एकाई | परिमाण | प्रति एकाई दर | | जम्मा रकम | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | भ्याट बाहेक | भ्याट सहित | अंकमा (भ्याट बाहेक) | अक्षरमा (भ्याट बाहेक) | |
| १ | सुती कपडा | रङ्ग नजाने ढाका कपडा | मिटर | १७०० | | | | | |
| २ | सुती कपडा | रङ्ग नजाने फ्लाटिन कपडा | मिटर | ७००० | | | | | |
| ३ | वाटर प्रुफ | रबडाइज कपडा | मिटर | ४०० | | | | | |
| ४ | टिप बटन | प्लास्टिकको | थान | ८५०० | | | | | |
| ५ | कपडा सिलाइ गर्ने धागो | राम्रोबाट | दर्जन | १० | | | | | |
| ६ | इन्टरलक सिलाइ मेसिन | | थान | १ | | | | | |

कम्पनि/फर्म/सप्लायर्सको छापः

दस्तखतः

संलग्न कागजातहरुः-

१.

२.

हरिप्रसाद मिश्र
शाखा अधिकृत

पिताम्बर गौतम
उपसचिव
(अधिकृत स्तर दशौं तह)

७. नक्कली कागजात पेस गरी वा मिलेमतो गरि दरभाउपत्रमा भाग लिएको पाइएमा सो दरभाउपत्र रद्द गरी कालोसूचिमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिने छ। म्याद नाघी आएको, रीत नपुगेको र सशर्त पेसभएका को दरभाउ पत्रहरू मान्य हुने छैन।

८. सप्लाई गर्ने सामाग्रीहरू दरखास्त फाराम साथ संलग्न सामग्रीहरूको विवरण तथा नमुनाहरू बमोजिम हुनुपर्नेछ।

९. दरभाउपत्र स्वीकृत गर्ने,रद्द गर्ने र आंशिक वा आईटमवाईज रूपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

१०.यस सूचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ तथा अन्य प्रचलित कानुन अनुसार हुनेछ।

११.दरभाउ पत्रसाथ पेस गर्नु पर्ने कागजातहरुः

- कम्पनी, फर्म, व्यवसाय वा आपूर्तिकर्ताको प्रमाणपत्रको प्रतिलिपि,
- मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि,
- आ व २०७६/०७७ को कर चुक्ता पुर्जाको प्रतिलिपि,
- तोकिएको बैंकमा धरौटी जम्मा गरेको बैंक भाउचर ।

१२.आवश्यक सामग्रीहरूको विवरण तथा नमुनाहरू दरभाउपत्र फारामसँगै उपलब्ध गराइनेछ।

प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद मिश्र
शाखा अधिकृत

पिताम्बर गौतम
उपसचिव
(अधिकृत स्तर दशौं तह)